धादिङ जिल्लाबाट प्रकाशित पहिलो दैनिक जि. प्र. का. दर्ता नं. ०६/०६१/०६२ जि. हु. का. दर्ता नं. ०६/०६९/७०

# प्रत्यूष
National Daily राष्ट्रिय दैनिक

ग्राहक बन्नु परेमा
पत्रिका नियमित नआएमा
ठेगाना परिवर्तन भएमा वा अन्य कुनै
गुनासो भएमा कल गर्नु पर्दैन ।
९८५११२०८५०
भाईवरमा SMS मात्र गर्नुहोस्
"हामी यता बाट कल गर्छौं"

स्क्यान गर्नुहोस्
ई-पेपर हेर्नका लागि

वर्ष २३, अङ्क ८२ ◆ २०८३ असोज २२ बिहीबार ◆ Thursday, October 8, 2026 ◆ ने सं ११४६ ◆ धादिङ ◆ Pratyus National Daily ◆ पृष्ठ ४ ◆ मूल्य रु. ५/-

## मलंगवा नगरपालिकाका इन्जिनियर र सुपरभाइजर घुससहित पक्राउ

❑ *प्रत्यूष समाचारदाता*

काठमाडौं । अख्तियार दुरूपयोग अनुसन्धान आयोगले सर्लाही जिल्लाको मलङ्वा नगर पालिकाका इन्जिनियर डिकेश कुमार यादव र सुपरभाइजर कौशल कुमार मधुकरलाई रु एक लाख घुससहित नियन्त्रणमा लिइएको छ ।

निजहरूले निर्माण समेत भइसकेको भवनको नक्सा दर्ता तथा अभिलेखीकरणमा सेवाग्राही सँग घुस मागेको भन्ने सूचनाको आधारमा आयोगको बर्दिवास कार्यालयबाट खटिइएको टोलीले उनीहरूलाई घुस रकमसहित नियन्त्रणमा लिएको हो ।

अख्तियारको टोलीले उनीहरूको साथबाट स्रोत नखुलेको रु ३३ हजार ७०५ समेत नियन्त्रणमा लिएको प्रवक्ता सुरेश न्यौपानेले जानकारी दिनुभयो ।

## भारतीय प्रधानमन्त्री मोदीलाई प्रधानमन्त्री शाह र सभापति लामिछानेको बधाई

काठमाडौं । सार्वजनिक जीवन यात्राको २५औं वर्षगाँठ मनाइ रहनुभएका भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीलाई प्रधानमन्त्री वालेन्द्र शाहले बधाई ज्ञापन गर्नुभएको छ।

गुजरातको मुख्यमन्त्रीदेखि सुरु भएको आफ्नो सार्वजनिक जीवनको २५औं वर्षको वर्षगाँठ प्रधानमन्त्री मोदीले मनाइरहनुभएको छ । प्रधानमन्त्री मोदी सन् २००१ को अक्टोबरमा पहिलोपटक गुजरातको मुख्यमन्त्री बन्नुभएको थियो। प्रधानमन्त्री शाहले सामाजिक सञ्जाल एक्समार्फत बधाई दिँदै लेख्नुभएको छ, ।

"भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीलाई २५ वर्षको समर्पित सार्वजनिक सेवाका लागि हार्दिक बधाई तथा शुभकामना छ। नेपाल आगामी दिनमा पनि यहाँ र यहाँको सरकारलाई निरन्तर सफलता र समृद्धिको शुभकामना व्यक्त गर्दछ।" त्यसैगरी राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेले पनि एक्समार्फत नै प्रधानमन्त्री मोदीलाई शुभकामना व्यक्त गर्नुभएको छ ।

उहाँले लेख्नुभएको छ, "प्रधानमन्त्री नरेन्द्र मोदीजीलाई २५ वर्षको समर्पित सार्वजनिक सेवाको उल्लेखनीय यात्राका लागि हार्दिक बधाई तथा शुभकामना ।

यहाँको दूरदर्शी नेतृत्वमा भारतले गरेको रूपान्तरण र तीव्र प्रगति वास्तवमै प्रेरणादायी रहेको छ ।"

सभापति लामिछानेले राष्ट्रिय स्वतन्त्र पार्टी र आफ्नो व्यक्तिगत तर्फबाट दुवै राष्ट्रको साझेदारीलाई अझ सुदृढ र समृद्ध बनाउनका लागि सहकार्य गर्न उत्सुक रहेको पनि सो शुभकामना सन्देशमा बताउनुभएको छ ।

## नेपाल -रुस द्विपक्षीय परामर्श बैठक सम्पन्न

काठमाडौं । नेपाल र रुसी महासङ्घबीचको द्विपक्षीय परामर्श बैठक बुधबार यहाँ सम्पन्न भएको छ । नेपाल-रुसबीच कूटनीतिक सम्बन्ध स्थापना भएको ७०औं वार्षिकोत्सवका अवसरमा भएको बैठकमा दुई देशबीचको समग्र सम्बन्धका विषयमा समीक्षा भएको थियो ।

परराष्ट्र मन्त्रालयका अनुसार बैठकमा नेपाल र रुसी महासङ्घबीच लामो समयदेखि कायम मित्रता र घनिष्ठ साझेदारीप्रति दुवै पक्षले सन्तुष्टि व्यक्त गर्दै शिक्षा, मानव संसाधन विकास, संस्कृति, पर्यटन, जलवायु परिवर्तन, व्यापार तथा लगानीलगायतका क्षेत्रमा सहकार्य र सहयोगलाई प्रवर्द्धन गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए ।

दुवै पक्षले आ-आफ्नो देशमा भएका राजनीतिक तथा आर्थिक विकासका विषयमा एकअर्कालाई जानकारी गराउनका साथै रुसी सेनामा रहेका नेपाली नागरिक, हराइरहेका नेपाली नागरिक, युक्रेनमा युद्धबन्दीका रूपमा रहेका नेपाली नागरिक तथा क्षतिपूर्तिसम्बन्धी विषयमा पनि छलफल भएको थियो । त्यसैगरी जलवायु परिवर्तन तथा बहुपक्षीय प्रणालीमा सहकार्यलगायत आपसी हितका क्षेत्रीय तथा बहुपक्षीय विषयमा विचार आदानप्रदान भएको थियो । परराष्ट्र सचिव अमृतबहादुर राई र रुसी महासङ्घका उपविदेश मन्त्री आन्द्रे रुडेन्कोले आ-आफ्नो प्रतिनिधिमण्डलको नेतृत्व गर्दै सहअध्यक्षता गर्नुभएको थियो । रुसी प्रतिनिधिमण्डलमा नेपालका लागि रुसी राजदूत अलेक्सेई सुरोवत्सेभ, रुसी विदेश मन्त्रालयका अधिकारी तथा रुसी दूतावासका कूटनीतिज्ञ सहभागी हुनुहुन्थ्यो । बैठकपछि परराष्ट्र सचिव राईले रुसी उपविदेश मन्त्री रुडेन्को तथा प्रतिनिधिमण्डलका सदस्यहरूको सम्मानमा दिवाभोज आयोजना गर्नुभएको थियो । नेपालको परराष्ट्र मन्त्रालय र रुसी महासङ्घको विदेश मन्त्रालयबीच परामर्शसम्बन्धी प्रोटोकलमा सन् १९९५ सेप्टेम्बर ५ मा हस्ताक्षर भएको थियो ।

# विज्ञापन क्षेत्रलाई स्वचालित र सशक्त उद्योगका रूपमा विकास गर्न सरकार तयार छः सञ्चारमन्त्री डा तिमिल्सिना

❑ *प्रत्यूष समाचारदाता*

ललितपुर । सूचना तथा सञ्चार मन्त्री डा विक्रम तिमिल्सिना ले विज्ञापन क्षेत्रलाई स्वचालित र सशक्त उद्योगका रूपमा विकास गर्न सरकार तयार रहेको बताउनु भएको छ ।

नेपाल विज्ञापन सङ्घ (आन)द्वारा बुधबार ललितपुरमा आयोजित १३औं रेड बुल कृति अवार्डको प्रतीक चिह्न (लोगो) सार्वजनिक समारोहमा मन्तव्य राख्नुहुँदै मन्त्री डा तिमिल्सिनाले विज्ञापन बजारको विकासका लागि विज्ञापन क्षेत्रका समस्या, चुनौती र कमजोरीको निर्मम समिक्षा गरी समाधानका लागि ठोस पहल आवश्यक रहेको बताउनुभयो । "विज्ञापन केवल व्यवसायसँग मात्र नभई संस्कृति, देशको पहिचान, सञ्चार माध्यम, लोकतन्त्र, सिर्जनशीलता र समग्र अर्थतन्त्रसँग जोडिएको क्षेत्र हो । विज्ञापन उद्योगको विकासले समग्र अर्थतन्त्र सँगै लोकतान्त्रिक अभ्यास तथा सञ्चार क्षेत्रलाई समेत सकारात्मक योगदान पुऱ्याउन सक्छ", उहाँले भन्नुभयो । विज्ञापन क्षेत्र अपेक्षा अनुसार अघि बढ्न नसक्नुका कारण पहिचान गर्नुपर्नेमा जोड दिँदै मन्त्री डा तिमिल्सिनाले त्यसका अवरोध र चलखेल पहिल्याएर आवश्यक हस्तक्षेपमार्फत समाधान खोज्नुपर्ने बताउनुभयो । विज्ञापन बोर्ड, विज्ञापन नीति तथा सरकारबाट आवश्यक सहजीकरणका विषयमा सरोकारवालाबीच खुला तथा आलोचनात्मक छलफल आवश्यक रहेको उहाँको भनाइ थियो ।

मन्त्री डा तिमिल्सिनाले प्रविधिको विकाससँगै विज्ञापन बजारको स्वरूपसमेत तीव्र रूपमा परिवर्तन भइरहेको उल्लेख गर्दै आगामी पाँचदेखि १० वर्षमा नेपालको विज्ञापन उद्योगले लिनुपर्ने दिशा र प्रविधिले पार्ने प्रभावबारे दीर्घकालीन नीति निर्माणमा विज्ञापन क्षेत्रका सरोकारवालाको सक्रिय सहभागिता आवश्यक रहेको बताउनुभयो ।

"विज्ञापन क्षेत्रलाई कुनै व्यक्ति वा संस्थाको नियन्त्रणमा नभई आफ्नै क्षमतामा उभिन सक्ने र स्वचालित उद्योगका रूपमा विकास गर्नुपर्ने आवश्यकता छ, सरकारले विज्ञापन क्षेत्रको महत्त्व बुझेको छ, यसको विकासका लागि आवश्यक सहकार्य गर्न सरकार तयार छ", उहाँले भन्नुभयो ।

कृति अवार्डले विज्ञापन क्षेत्रका विभिन्न विधा र सिर्जनालाई समेट्दै नेपाली विज्ञापन बजारलाई पुनः ऊर्जाशील र जीवन्त बनाउन भूमिका खेल्ने विश्वास व्यक्त गर्दै मन्त्री डा तिमिल्सिनाले अवार्डमा व्यापक सहभागिता र नेपाली विज्ञापन क्षेत्रको क्षमता तथा उपस्थिति उजागर हुने अपेक्षा व्यक्त गर्नुभयो । नेपाल उद्योग वाणिज्य सङ्घका अध्यक्ष अञ्जन श्रेष्ठले सङ्घले विज्ञापनलाई खर्चका रूपमा मात्र नभई ब्रान्ड, उपभोक्ता विश्वास र दीर्घकालीन बजार मूल्य निर्माण गर्ने रणनीतिक लगानीका रूपमा लिनुपर्ने बताउनुभयो । राजस्व सङ्कलनको क्षेत्रका रुपमा मात्रै नलिएर अर्थतन्त्रको साझेदारको रुपमा लिनुपर्ने धारणा राख्नुभयो । सञ्चार उद्यमी एवं नेपाल उद्योग वाणिज्य महासङ्घका पूर्व बरिष्ठ उपाध्यक्ष भाष्करराज राजकर्णिकारले नेपाली विज्ञापन क्षेत्रमा सृजनात्मक कामको प्रशंसाका साथै नेपाली अर्थतन्त्रलाई विज्ञापन क्षेत्रबाट उर्वर बनाउने अभिप्रायका साथ विज्ञापन बजारको गुणात्मक विकासका लागि कृति अवार्ड स्थापना गरिएको जानकारी गराउनुभयो ।

## आँखा शिविरमा एक सय तीन जनाको शल्यक्रिया

❑ *प्रत्यूष समाचारदाता*

धादिङ । धादिङबेँसीमा सञ्चालित दुईदिने आँखा शिविरमा एक सय तीन जनाको शल्यक्रिया गरिएको छ । शिविरमा मोतीबिन्दु र आँखामा मासु पलाउने समस्या भएका बिरामीको निःशुल्क तथा सहुलियत शुल्कमा शल्यक्रिया गरिएको हो ।

तिलगङ्गा आँखा प्रतिष्ठान, काठमाडौं र तिलगङ्गा सर्जिकल सामुदायिक आँखा केन्द्र धादिङको आयोजनामा यही असोज २० र २१ गते सञ्चालित उक्त शिविरमा मोतीबिन्दु भएका ७० जनाको 'फेको' र २७ जनाको 'एसआइसिएस' प्रविधिबाट शल्यक्रिया गरिएको केन्द्रका प्रमुख सुपेन्द्र ताम्राकारले जानकारी दिनुभयो । आँखामा मासु पलाउने समस्या भएका ६ जनाको समेत शल्यक्रिया गरिएको उहाँले बताउनुभयो ।

शिविरमा एसआइसिएस प्रविधिबाट गरिने मोतीबिन्दुको शल्यक्रिया निःशुल्क तथा फेको प्रविधि र प्टेरिजियमको शल्यक्रिया सहुलियत शुल्कमा गरिएको प्रमुख ताम्राकारले जानकारी दिनुभयो । शिविरबाट विशेषगरी नीलकण्ठ नगरपालिका, ज्वालामुखी गाउँपालिका, नेत्रावती डबजोङ र खनियाबास गाउँपालिकाका बिरामीले सेवा लिएका थिए । यसअघि गत भदौ महिना मा




सञ्चालन गर्ने तय भएको शिविर बाढी पहिरोका कारण यातायात अवरुद्ध भएपछि स्थगित गरिएको थियो । केन्द्रका प्रमुख ताम्राकारका अनुसार मोतीबिन्दु उमेर बढ्दै जाँदा मात्र देखिने समस्या होइन, आँखामा चोटपटक लाग्दा तथा बाल बालिकामा जन्मजात रूपमा समेत देखिन सक्छ । आँखासम्बन्धी जटिल समस्या देखिए विशेषज्ञ स्वास्थ्य संस्थामा उपचार गराउन, आँखा लाई चोटपटकबाट जोगाउन तथा स्वस्थ जीवनशैली अपनाउन उहाँले सुझाव दिनुभयो । शिविर सञ्चालन का लागि 'दी फ्रेड हलोज फाउन्डेसन 'ले आर्थिक सहयोग गरेको हो ।

## पोखरामा आगलागीजन्य विपद् उद्धार अभ्यास

❑ *प्रत्यूष समाचारदाता*

गण्डकी । पोखरामा आगलागीजन्य विपद् व्यवस्थापन तथा उद्धार सम्बन्धी संयुक्त अभ्यास गरिएको छ । जिल्ला सुरक्षा समिति, कास्की र रेष्टुरेन्ट एण्ड बार एशोसिएसन नेपाल (रेवान), पोखराको आयोजना तथा नेपाल रेडक्रस सोसाइटी, कास्कीको सहयोगमा बुधबार पोखरा महानगर पालिका-७ स्थित कोमागाने उद्यानमा नमूना उद्धार अभ्यास गरिएको हो ।

नेपाली सेना, सशस्त्र प्रहरी बल, नेपाल प्रहरी, रेडक्रस कर्मी, स्वास्थ्यकर्मी, स्वयंसेवक लगायतको सहभागितामा आगलागी नियन्त्रण, व्यवस्थापन तथा उद्धार सम्बन्धी कृत्रिम अभ्यास गरिएको कास्कीका सहायक प्रमुख जिल्ला अधिकारी चित्राङ्गत बरालले जानकारी दिनुभयो । सुरक्षाकर्मीलाई आगलगीजन्य विपद्को उद्धार कार्यमा दक्ष र सीपयुक्त बनाउन नमूना अभ्यास आयोजना गरिएका उहाँको भनाइ छ । उक्त अवसरमा सुरक्षाकर्मीले खाना पकाउने एलपी ग्यासमा लाग्ने आगलागी नियन्त्रणका उपायबारे अभ्यास सहित होटल तथा रेष्टुराँमा काम गर्ने कर्मचारी सहित सर्वसाधारणलाई जानकारी गराएका थिए । आगलागी नियन्त्रणमा यन्त्र, उपकरणको प्रयोग, मानवसंसाधन परिचालन, आगलागी नियन्त्रण, घाइतेको उद्धार तथा प्राथमिक उपचार लगायतको कृत्रिम अभ्यास गरिएको थियो । सुरक्षाकर्मीले आगलागी नियन्त्रण तथा उद्धार कार्यमा प्रयोग भइरहेका नयाँनयाँ सीप र प्रविधिको प्रदर्शन गरेका थिए । जिल्ला सुरक्षा समितिका अध्यक्ष एवं प्रमुख जिल्ला अधिकारी कुमानसिंह गुरुङले नमूना अभ्यासले आगलागीका घटना न्यूनीकरण तथा व्यवस्थापनमा पूर्वतयारीसँगै जनस्तरमा सचेतना अभिवृद्धि हुने बताउनुभयो । पोखरा पर्यटकीय राजधानीसमेत भएकाले यस सहर हरेक हिसाबले सुरक्षित छ भन्ने सन्देश अन्तरराष्ट्रिय जगत्मासमेत पुर्याउनुपर्ने प्रजिअ गुरुङले बताउनुभयो । विपद्सम्बन्धी सम्भावित घटनाको उद्धार तथा कृत्रिम अभ्यासमार्फत आम नागरिकमा सचेतना अभिवृद्धि हुने विश्वास लिइएको उहाँको भनाइ छ । जिल्ला सुरक्षा समितिले नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बललगायत सम्बद्ध सङ्घ संस्था सँगको समन्वय र सहकार्यमा प्रत्येक वर्ष विपद् पूर्वतयारी तथा कृत्रिम अभ्यास कार्यक्रम सञ्चालन गर्दै आएको छ ।

बुधबार जिल्ला विपद् व्यवस्थापन समितिलाई ११ थान आगो निभाउने यन्त्र (फायर एक्स्टिङ्गुइसर) र ११ थान 'फाइर ब्ल्याङ्केट' प्रदान गरिएको थियो ।

## सम्पादकीय ....

### नतिजा आवश्यक

सेवाप्रदायक निकायको संयन्त्र र कार्यविभाजनमा पनि सुधार आवश्यक देखिन्छ। निजी क्षेत्रले मल, बिउ, विषादी र यान्त्रिकीकरणका क्षेत्रमा सेवा दिइरहेको भए पनि कृषकको तहमा प्रविधिको प्रयोग समान छैन। साना कृषकले परम्परागत, मझौला कृषकले मिश्रित र उद्यमी कृषकले उन्नत तथा नयाँ प्रविधि प्रयोग गर्ने गरेको पाइन्छ। यसरी हेर्दा कृषि विकासका लागि आवश्यक संस्था नेपालमा नभएका होइनन् तर समस्या ती संस्थाबिचको सम्बन्ध, जिम्मेवारीको स्पष्टता, कार्यविभाजन र समन्वयमा बढी केन्द्रित देखिन्छ।

कृषि विकासका मुख्य आधार शिक्षा, प्रविधि विकास तथा अनुसन्धान, प्रविधि प्रसार, प्राविधिक र कृषकको क्षमता अभिवृद्धि, प्रयोगशाला सेवा, मापदण्ड निर्धारण तथा गुणस्तर नियमन हुन्। यीमध्ये कुनै एउटा वा अर्को पक्ष मात्र बलियो बनाएर समग्र कृषिप्रणाली प्रभावकारी बन्न सक्दैन। नेपालको कृषि विकास तथा अनुसन्धान विसं १९७८ र कृषि शिक्षा विसं १९९४ बाट सुरु भई कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि, खाद्य सुरक्षा र आत्मनिर्भरताको लक्ष्य राख्दै यहाँसम्म आइपुगेको छ। अबको आवश्यकता भने यी संरचनालाई वर्तमान सङ्घीय प्रणाली अनुरूप प्रभावकारी सेवा प्रवाह गर्ने, कृषकको आवश्यकतामा आधारित र जलवायु अनुकूलनमा सहयोगी आधुनिक प्रविधिको विकास गर्दै बदलिँदो राज्य संरचनासँग मिल्दोजुल्दो, छिटोछरितो र गुणस्तरीय नतिजा दिनु हो।

नेपालको अर्थतन्त्रमा कृषिक्षेत्रको भूमिका निकै महत्वपूर्ण भए पनि यसको उत्पादन, उत्पादकत्व, बजार, प्रविधि र संस्थागत व्यवस्थापनसँग सम्बन्धित समस्या अझै विद्यमान छन्। नेपालमा कृषिसेवा तीन तहका सरकारमार्फत सञ्चालन भइरहेको छ- सङ्घ, प्रदेश र स्थानीय तह। अर्कोतर्फ कृषिक्षेत्रका मुख्य सेवा शिक्षा, अनुसन्धान र प्रसारका रूपमा विभाजित छन्। कृषि शिक्षा विश्वविद्यालय तथा क्याम्पसबाट, प्रविधि विकास नार्क अन्तर्गतका निकायबाट र प्रविधि प्रसार मुख्यतः प्रदेश तथा स्थानीय तह तथा सङ्घ अन्तर्गतका विभिन्न कार्यक्रम र परियोजनाबाट हुँदै आएको छ। कृषि अनुदान वितरणमा पनि प्रदेश, स्थानीय तह तथा सङ्घीय कार्यक्रमको भूमिका रहेको छ।

शिक्षा, अनुसन्धान र प्रसारबिच अन्तरनिकायगत कार्यमूलक समन्वय कमजोर छ। अनुसन्धान गर्ने निकाय नेपाल कृषि अनुसन्धान परिषद् (नार्क) र सम्बन्धित मन्त्रालयबिचको सहकार्य, नार्क र स्थानीय तहबिच समन्वय गर्ने प्रभावकारी संयन्त्रको अभाव तथा प्राविधिक जनशक्तिको क्षमता विकाससम्बन्धी चुनौती छन्। प्रदेशका कार्यालयमा पनि नार्क, सङ्घीय मन्त्रालय र स्थानीय तहबिच कार्यगत समन्वयको अभाव देखिन्छ। यस परिस्थितिमा नार्कलाई केवल अनुसन्धान गर्ने संस्थाका रूपमा मात्र हेर्नु भन्दा राष्ट्रिय कृषि अनुसन्धान प्रणालीसँग जोडेर यसको भूमिका, अधिकार, जिम्मेवारी र सङ्गठनात्मक संरचनालाई पुनर्विचार गर्नु आवश्यक देखिन्छ। कृषिक्षेत्रको विकास र सुदृढीकरणबिना देशको समग्र विकासको परिकल्पना गर्न गाह्रो छ। यस क्षेत्रको सुदृढीकरणका लागि तल उल्लिखित बुँदामा नेपाल सरकारको गम्भीर ध्यानाकर्षण हुनु नितान्त आवश्यक देखिन्छ।

## आलेखः धनुषाधाममा बढ्दै पर्यटकीय आकर्षण

लोकेश धामी

मिथिलाको धार्मिक, ऐतिहासिक तथा प्राकृतिक सम्पदाको परिचायकका रूपमा रहेको धनुषाधाम पछिल्ला वर्षमा धार्मिक पर्यटनको प्रमुख गन्तव्यका रूपमा विकास हुँदै गएको छ। भगवान् श्रीरामसँग जोडिएको धार्मिक विश्वास, रामायणकालीन इतिहास, मिथिला संस्कृति तथा प्राकृतिक सौन्दर्यका कारण धनुषाधाममा स्वदेशी तथा विदेशी पर्यटकको आकर्षण बढ्दै गएको हो।

त्रेतायुगमा भगवान् श्रीरामले शिवधनुष भाँचेपछि त्यसको एक अंश पतन भएको विश्वास गरिएको धनुषाधाम हिन्दू धर्मावलम्बीका लागि महत्वपूर्ण तीर्थस्थल मानिन्छ। यही धार्मिक विश्वासका कारण नेपालका विभिन्न जिल्ला तथा छिमेकी मुलुक भारतबाटसमेत दैनिक ठूलो सङ्ख्यामा श्रद्धालु तथा पर्यटक यहाँ आउने गरेका छन्।

जनकपुरधामबाट १८ किलोमिटर पूर्वमा अवस्थित धनुषाधाम धार्मिक आस्थाको केन्द्र मात्र नभई सांस्कृतिक, पुरातात्विक तथा प्राकृतिक सम्पदाको समेत महत्वपूर्ण गन्तव्य हो। यहाँ रहेको धनुष मन्दिर, पवित्र सरोवर, प्राचीन वृक्ष, वनस्पति उद्यान, हरियाली वन क्षेत्र तथा शान्त वातावरणले धार्मिक यात्रालाई प्राकृतिक अनुभूतिसँग जोडिदिएको छ।

धनुषाधाम नगरपालिका-२ का स्थानीय छेबी दासका अनुसार पछिल्लो समय धनुषाधाममा पूजा-आराधनाका लागि आउने श्रद्धालुसँगै घुमफिर, अध्ययन तथा अनुसन्धानका उद्देश्यले आउनेको सङ्ख्या पनि बढेको छ। पहिले स्थानीय तथा आसपासका जिल्लाबाट मात्र बढी श्रद्धालु आउने गरेकोमा अहिले अन्य जिल्लाका साथै भारतबाट समेत पर्यटक तथा धार्मिक यात्रु आउने क्रम बढेको उहाँ बताउनुहुन्छ।

धनुषाधामको महत्व रामायणकालीन प्रसङ्गसँग जोडिएको छ। जनकपुरमा आयोजित स्वयंवरमा भगवान् श्रीरामले शिवधनुष उठाएर प्रत्यञ्चा चढाउने क्रममा धनुष भाँचिएको र त्यसको एक अंश धनुषाधाम क्षेत्रमा आएर खसेको धार्मिक विश्वास रहिआएको छ। यही विश्वासले धनुषाधामलाई हिन्दू धर्मावलम्बीको विशेष आस्थाको केन्द्र बनाएको धनुषाधाम मन्दिरका पुजारी भरत दास बताउनुहुन्छ।

उहाँ सोही अवसरमा भन्नुहुन्छ, "कहिलेकाहीँ मात्र भारतीय पर्यटक आउँथे तर राम जन्मभूमि अयोध्यामा राममन्दिर बनेपछि यहाँ पनि भारतीय पर्यटक आउने क्रम बढेको हो।"

पुजारी दासका अनुसार अहिले दैनिक पाँच सयदेखि आठ सयसम्म भारतीय पर्यटक तथा श्रद्धालु धनुषाधाम आउने गरेका छन्। विशेष पर्व तथा धार्मिक अवसरमा भने यहाँ आउने श्रद्धालुको सङ्ख्या अझ बढ्ने गरेको उहाँले बताउनुभयो। धनुषाधाम क्षेत्रमा पछिल्लो समय भारतीय पर्यटकको आगमन बढ्नुले स्थानीय व्यवसायमा समेत सकारात्मक प्रभाव पारेको छ। होटल, लज, पसल, फूलमाला, प्रसाद तथा अन्य धार्मिक सामग्रीको बिक्री बढेको स्थानीय व्यवसायी बताउँछन्।

स्थानीय व्यवसायी लोचन साहका अनुसार विशेष पर्वका समयमा धनुषाधाममा उल्लेख्य चहलपहल हुने गरेको छ। "पर्यटक तथा श्रद्धालु बढेपछि होटल, लज, पसल र साना व्यवसायमा कारोबार बढेको छ। स्थानीय उत्पादन, फूलमाला, प्रसाद तथा हस्तकलाका सामग्रीको बिक्रीमा पनि वृद्धि भएको छ", उहाँ भन्नुहुन्छ। धार्मिक पर्यटकको आगमनले स्थानीय युवालाई स्वरोजगारका अवसरसमेत सिर्जना गर्न थालेको उहाँको भनाइ छ। पर्यटकका लागि आवश्यक सेवा तथा सामग्री उपलब्ध गराउने व्यवसाय विस्तार हुँदा स्थानीय स्तरमा आम्दानीको स्रोत बढ्दै गएको छ।

धनुषाधामलाई बृहत् धार्मिक पर्यटकीय क्षेत्रका रूपमा विकास गर्ने लक्ष्य रहेको पुजारी दास बताउनुहुन्छ। उहाँका अनुसार धनुषाधामको धार्मिक महत्वलाई अन्तर्राष्ट्रियस्तरसम्म पुऱ्याउन सङ्घीय, प्रदेश तथा स्थानीय तीनै तहका सरकारबीच समन्वय आवश्यक छ।

"धनुषाधामलाई बृहत् धार्मिक पर्यटकीय क्षेत्रका रूपमा विकास गर्ने सपना हो", पुजारी दास भन्नुहुन्छ, "त्यही सपनालाई मूर्त रूप दिन सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारलाई आग्रह गर्दै आएका छौँ।"

उहाँका अनुसार सङ्घीय सरकारको सहयोगमा मन्दिर परिसरमा ढलानलगायत केही पूर्वाधार निर्माणका काम भएका छन्। प्रदेश सरकारबाट समेत थप सहयोगको आश्वासन प्राप्त भएको उहाँले बताउनुभयो।

धनुषाधाममा वर्षभरि नै धार्मिक गतिविधि हुने गरे पनि माघे औँसी, रामनवमी, विवाहपञ्चमी, एकादशी तथा अन्य महत्वपूर्ण पर्वका अवसरमा विशेष भीड लाग्ने गरेको छ। यस्ता अवसरमा नेपालका विभिन्न स्थानका साथै भारतबाट समेत ठूलो सङ्ख्यामा श्रद्धालु आउने गरेका छन्। स्थानीय सरकारले योजनाबद्ध ढङ्गले पूर्वाधार विकास गर्न सके धनुषाधाम मिथिलाञ्चलकै ठूलो धार्मिक तथा पर्यटकीय केन्द्र बन्न सक्ने स्थानीयवासीको विश्वास छ।

धनुषाधामको विशेषता धार्मिक महत्वमा मात्र सीमित छैन। यहाँको प्राकृतिक सौन्दर्य पनि पर्यटकका लागि आकर्षणको विषय बनेको छ।

मन्दिर परिसरको शान्त वातावरण, हरियाली वन क्षेत्र, खुला आकाशमुनिको प्राकृतिक दृश्य तथा जैविक विविधताले पर्यटकलाई फरक अनुभूति दिने गरेको छ। पछिल्ला वर्षमा विकसित वनस्पति उद्यानले धनुषाधामलाई धार्मिक पर्यटनसँगै पर्यावरणीय पर्यटनको सम्भावना बोकेको गन्तव्यका रूपमा समेत चिनाउन थालेको धनुषाधाम वनस्पति उद्यानका प्रमुख मो. ताहिर हुसेन बताउनुहुन्छ।

धार्मिकस्थलको भ्रमणसँगै प्रकृति अवलोकन, वनस्पति अध्ययन तथा जैविक विविधताको अनुभव लिन चाहनेका लागि धनुषाधाम उपयुक्त गन्तव्य बन्न सक्ने उहाँ बताउनुहुन्छ। ३६० हेक्टर क्षेत्रफलमा फैलिएको धनुषाधाम वनक्षेत्रभित्र चिडियाखाना निर्माण गर्ने योजना अघि सारिएको छ।

धनुषाधाम वनक्षेत्रभित्र रहेको पानी कहिल्यै नसुक्ने बान गङ्गा तथा वनक्षेत्रमा रहेका दक्षिण एसियामै लोपोन्मुख अवस्थामा रहेको 'ग्रे हर्नबिल' लगायतका चराचुरुङ्गीको संरक्षणसँगै चिडिया खाना निर्माण भएपछि पर्यटकको आकर्षण थप बढ्ने र धनुषाधाममा पर्यटकको बसाइ अवधिसमेत लम्ब्याउन सकिने वनस्पति उद्यानका प्रमुख हुसेनको विश्वास छ।

धनुषाधामलाई जनकपुर धामसँग जोडेर 'रामायण सर्किट'का रूपमा विकास गर्न सके धार्मिक पर्यटनमा ठूलो सम्भावना रहेको स्थानीय व्यवसायीको भनाइ छ। स्थानीय व्यवसायी लोचन साहका अनुसार भारतको अयोध्या, सीतामढी, जनकपुरधाम हुँदै धनुषाधामसम्म जोडिने धार्मिक मार्ग निर्माण तथा प्रवर्द्धन गर्न सके अन्तरदेशीय धार्मिक पर्यटन विस्तारमा महत्वपूर्ण योगदान पुग्न सक्छ। अयोध्यामा राममन्दिर निर्माणपछि भगवान् श्रीरामसँग सम्बन्धित धार्मिकस्थलप्रति भारतीय श्रद्धालुको चासो बढिरहेको अवस्थामा धनुषाधामले पनि त्यसबाट लाभ लिन सक्ने उहाँको विश्वास छ।

नेपाल र भारतबीच धार्मिक तथा सांस्कृतिक सम्बन्ध पुरानो रहेकाले जनकपुरधाम र अयोध्या बीचको धार्मिक सम्बन्धलाई धनुषाधामसम्म विस्तार गर्न सके यस क्षेत्रको पर्यटन विकासमा नयाँ सम्भावना खुल्ने स्थानीयवासी बताउँछन्। धनुषाधाममा पर्यटकको आगमन बढेसँगै स्थानीय सरकारले भौतिक पूर्वाधारको विकासमा जोड दिएको छ। धनुषाधाम नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत मिन भट्टराईका अनुसार धार्मिक पर्यटनलाई व्यवस्थित र आकर्षक बनाउन मन्दिर क्षेत्रको सौन्दर्यीकरण, सडक सुधार, सरसफाइ, विश्रामस्थल निर्माण, खानेपानी तथा शौचालय व्यवस्थापन लगायतका पूर्वाधार विकासका कामलाई प्राथमिकता दिइएको छ।

"धार्मिक सम्पदाको संरक्षण सँगै पर्यटकमैत्री वातावरण निर्माण गर्न विभिन्न योजना कार्यान्वयन भइरहेका छन", उहाँ भन्नुहुन्छ, "धनुषाधामलाई व्यव स्थित धार्मिक पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न आवश्यक पूर्वाधार निर्माण र संरक्षणका कामलाई प्राथमिकता दिएका छौँ।"

धनुषाधाममा पर्यटकको सङ्ख्या बढ्दै गए पनि फोहोर व्यवस्थापन, पर्याप्त पार्किङ, सूचना केन्द्र, दक्ष पर्यटक पथप्रदर्शक, डिजिटल सूचना प्रणाली तथा पर्याप्त आवास सुविधाको आवश्यकता अझै रहेको स्थानीय सरोकारवालाको भनाइ छ।

पर्यटकको बढ्दो चापलाई व्यवस्थित गर्न तत्कालीन र दीर्घकालीन योजना आवश्यक रहेको स्थानीयको कथन छ। धार्मिक स्थलको मौलिकता जोगाउँदै आधुनिक पर्यटकीय सुविधा विस्तार गर्न सके धनुषाधामको आकर्षण अझ बढ्ने अपेक्षा गरिएको छ। पछिल्लो समय धार्मिक पर्यटकीय क्षेत्रका रूपमा विकसित हुँदै गएको धनुषाधामलाई संस्कृति र स्थानीय अर्थतन्त्रसँग जोड्नुपर्ने बुद्धिजीवीको सुझाव छ।

संस्कृतिविद् तथा मधेश प्रदेशसभाका सभामुख रामअशिष यादव धार्मिक पर्यटनलाई केवल मन्दिर दर्शनमा सीमित नगरी स्थानीय संस्कृति, मिथिला कला, परम्परागत खानपान, लोकसङ्गीत तथा प्राकृतिक सम्पदासँग जोड्नुपर्ने बताउनुहुन्छ।

**पाठक वर्गमा अनुरोध**

धादिङ जिल्लाबाट प्रकाशन हुँदै आएको धादिङ जिल्लाको पहिलो राष्ट्रिय दैनिक पत्रिका "**प्रत्यूष राष्ट्रिय दैनिक** तपाईंलाई कस्तो लाग्दैछ ? तपाईहरुको सल्लाह, सुझावको लागि अपेक्षा गर्दछौं। तपाईहरुको लेख, रचना,प्रकाशन गर्नुपर्ने सूचना तथा विज्ञापन भए हामीलाई इमेल मार्फत पठाउन सक्नु हुनेछ। तपाईंहरुले पठाउनुभएको लेख रचनालाई प्राथमिकताको साथ प्रकाशन गर्नेछौं।

प्रत्यूष National Daily राष्ट्रिय दैनिक
**नीलकण्ठ -३, धादिङबेसी,**
**फोन ०१०-५२१४३०, ९८५११२०८५०**
Email : pratyushdainik@gmail.com

**जलवायु परिवर्तनको असर तथा प्रभावबारे सचेत बनौं**

- **जलवायु परिवर्तनले मानव जीवन, कृषि, पानी, स्वास्थ्य र जैविक विविधतामा पार्ने असरबारे सचेत बनौं,**
- **बाढी, पहिरो, डुबान, खडेरी तथा अन्य जलवायुजन्य जोखिमको पूर्वतयारी गरौं,**
- **वन तथा प्राकृतिक स्रोतको संरक्षण गरी जलवायु परिवर्तन न्यूनीकरणमा योगदान दिऔं,**
- **नवीकरणीय ऊर्जाको प्रयोगलाई प्रोत्साहन गरौं,**
- **वृक्षारोपण तथा हरियाली प्रवर्द्धन गरी कार्बन उत्सर्जन घटाउन सहयोग गरौं,**
- **जलस्रोतको संरक्षण गरौं र जलवायु परिवर्तनअनुकूल जीवनशैली अपनाऔं,**
- **प्लास्टिक तथा फोहोरजन्य प्रदूषण न्यूनीकरण गरौं,**
- **जलवायु परिवर्तनका जोखिमप्रति समुदायलाई सचेत र अनुकूलनशील बनाऔं।**

**जलवायु परिवर्तनको असरबारे सचेत बनौं।**
**जलवायु-उत्थानशील समाज निर्माण गरौं।**

नेपाल सरकार,
**विज्ञापन वोर्ड**

### चाडपर्व सुरक्षामा ५० हजार प्रहरी परिचालित

# सार्वजनिक यातायातमा मेकानिकल टेस्ट रिपोर्ट अनिवार्य

*प्रत्युष समाचारदाता*

काठमाडौँ । बडादसैं, दीपावली, नेपाल सम्वत् र छठपर्वको सुरक्षा व्यवस्थालाई भरपर्दो र विश्वसनीय तुल्याउन नेपाल प्रहरीले बुधबार देखि 'चाडपर्व लक्षित सुरक्षा योजना- २०८३' लागू गरेको छ ।

पर्वको समयमा आम नागरिकको जनजीवन सामान्य तुल्याउन, बैंक तथा वित्तीय संस्थासँग हुने कारोबार सुरक्षित गराउन, विभिन्न गन्तव्यमा जाने यात्रीसमेतलाई पूर्ण सुरक्षाको प्रत्याभूति दिलाउन सुरक्षा योजना लागू गरिएको केन्द्रीय प्रहरी प्रवक्ता अविनारायण काफ्लेले जानकारी दिनुभयो ।

"चाडपर्वको मौका छोपी चोरी डकैती, जुवातास एवं सट्टेबाजी, अन्तरराष्ट्रिय सीमानाकामा तस्करी र सीमा अपराध हुन सक्छन्", उहाँले भन्नुभयो, "यस्ता आपराधिक क्रियाकलाप नियन्त्रण गर्न व्यापक प्रहरी परिचालन गरिएको छ ।"

विष्फोटक पदार्थको ओसार पसार, भन्सार छली, बैंक वित्तीय संस्थामा चोरी डकैती, लुटपाट, खाद्यान्न, लत्ताकपडा र उपभोग्य वस्तुको कृत्रिम अभाव, कालोबजारी, म्याद गुज्रिएका वा मिसावटयुक्त सामग्रीको बिक्री, हुण्डी र नक्कली नोट कारोबारलगायतलाई प्रहरीले सुरक्षा चुनौती औँल्याएको छ ।

चाडपर्वमा सुरक्षा व्यवस्था चुस्त बनाउन करिब ५० हजार बढी प्रहरी खटाइएको केन्द्रीय प्रहरी प्रवक्ता काफ्लेले बताउनुभयो । चार सय आठ स्थानमा यात्रु सहायता र अन्तराष्ट्रिय सीमा-नाकामा १०८ वटा सहायता कक्ष स्थापना गरिएको छ ।

काठमाडौँ उपत्यका प्रहरी कार्यालय, प्रदेश प्रहरी कार्यालय एवं जिल्ला प्रहरी कार्यालयमा कमाण्ड पोष्ट स्थापना र त्यहाँबाट प्रहरी परिचालनको व्यवस्था मिलाइएको प्रवक्ता काफ्लेले जानकारी दिनुभयो । यसअवधिमा प्रहरीले पैदल, मोबाइल र ग्रामीण गस्ती गर्नेछन् । चेकप्वाइन्ट तथा ट्राफिक प्रहरीसहितको चेकजाँचको व्यवस्था मिलाइएको छ भने सरकारी एवं महत्वपूर्ण संस्थाहरू, कारागार लगायत कार्यालयको सुरक्षाको व्यवस्था मजबुत पारिएको छ । सूचनामा आधारित सुरक्षा प्रहरीले चाडपर्व सुरक्षा योजनाको कार्यान्वयनमा ड्रोन, सिसिटिभी, 'बडीवन' क्यामरा लगायत सञ्चार उपकरण र प्रविधिको प्रयोग गर्ने भएको छ । काठमाडौँ उपत्यकालगायत प्रमुख सहरको मुख्य बजार तथा सपिङ मल, मार्ट, बैंक तथा वित्तीय संस्था, सुनचाँदी तथा बहुमूल्य वस्तुको कारोबार हुने क्षेत्रलाई विशेष निगरानीमा राखिएको छ। महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदाय एवं ज्येष्ठ नागरिकमाथि हुन सक्ने हिंसामा शून्य सहनशीलताको रणनीति अपनाइएको छ। चाडपर्वका समयमा काठमाडौँ उपत्यकाबाट लाखौँ यात्रु बाहिरिने अनुमान गरिएको छ । सवारी दुर्घटना र जनधनको क्षति न्यूनीकरणका लागि सवारी चालकको अनुमतिपत्र (लाइसेन्स) जाँच तथा लामो दूरीमा दुई जना चालक अनिवार्य राख्नुपर्ने व्यवस्थालाई कडाइका साथ लागू गरिने प्रहरीले जनाएको छ। "सिट क्षमताभन्दा बढी यात्रु राख्न नदिने, सबै सवारीसाधनले सात दिनअघिको 'मेकानिकल टेस्ट रिपोर्ट' पेस गर्नुपर्नेछ", प्रवक्ता काफ्लेले भन्नुभयो । प्रहरीले नेपालमा पहिलो पटक मेकानिकल टेस्ट रिपोर्ट अनिवार्य गर्न लागेको हो ।

काठमाडौँ उपत्यकाबाट बाहिरिने सवारीसाधनमा यात्रुलाई दुःख दिने, हैरानी दिने, टिकट महँगोमा बिक्री गर्ने, कालोबजारी गर्ने, सिट नभएको टिकट जारी गर्ने प्रवृत्ति अन्त्य गर्ने प्रहरीले लक्ष्य लिएको छ । चाडपर्वको समयमा नागरिकको सुरक्षा, सहज आवागमन, दुर्घटना न्यूनीकरण गर्नेमा प्रहरीको ध्यान केन्द्रित भएको प्रवक्ता काफ्लेले बताउनुभयो ।

"चाडपर्वको बेलामा बढ्न सक्ने दुर्घटना कमी ल्याउन मातहतको निकायलाई निर्देशन भइसकेको छ", उहाँले भन्नुभयो, "यो चाडपर्वमा विगतको भन्दा अझ शान्त, सुरक्षित, मर्यादित, व्यवस्थित र भरपर्दो सुरक्षा व्यवस्थाको प्रबन्ध गरिएको छ ।" प्रहरीले सुरक्षा व्यवस्थालाई कार्यसम्पादनसँग जोडेर हेरेको छ । "जिल्ला प्रहरी प्रमुख र प्रदेश प्रहरी कार्यालयको प्रमुखको कार्यसम्पादन सुरक्षा व्यवस्थासँग जोडेर हेरिएको छ", उहाँले भन्नुभयो ।

## घाइतेलाई ५० प्रतिशत छुट दिने समझदारी

असोज । झापामा जेनजी आन्दोलनका घाइतेलाई जिल्लाभित्र सञ्चालन हुने सार्वजनिक यातायातमा ५० प्रतिशत भाडा छुट दिने समझदारी भएको छ ।

जिल्ला प्रशासन कार्यालय झापाको पहलमा बुधबार भएको छलफलमा यातायात व्यवसायीका प्रतिनिधिले प्रशासनद्वारा जारी वर्गीकृत परिचयपत्रका आधारमा जेनजी घाइतेलाई सार्वजनिक यातायातमा ५० प्रतिशत छुट दिने प्रतिबद्धता जनाएका हुन् । नेपाल सरकारले गत असार १८ गते स्वीकृत गरेको 'जेनजी सहिद परिवार तथा घाइतेहरूको पुनः स्थापना, जीवन यापन तथा सामाजिक संरक्षण सम्बन्धी एकीकृत प्याकेज'मा भएको व्यवस्थाअनुसार छुटको कार्यान्वयनका लागि प्रशासन र यातायात व्यवसायीबीच समझदारी भएको हो ।

जिल्ला प्रशासन कार्यालय झापाका प्रमुख जिल्ला अधिकारी श्रवणकुमार पोखरेलले सरकारी प्याकेजमा भएका व्यवस्था लाई स्थानीयस्तरमा प्रभावकारी रूपमा कार्यान्वयन गर्न सरोकार वाला निकायबीच समन्वय गरिएको बताउनुभयो ।

## रेबिज निवारणसम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना स्वीकृत

काठमाडौँ । स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयले रेबिज रोग निवारणसम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना (२०८३/८४-२०८७/८८) स्वीकृत गरेको छ । रणनीतिले सन् २०३० सम्ममा कुकुरको टोकाइबाट लाग्ने रेबिजबाट हुने मानव मृत्यु शून्यमा झार्ने लक्ष्य लिएको मन्त्री निशा मेहताको सचिवालयले जनाएको हो ।

नेपालमा रेबिज प्राणघातक जुनोटिक रोगका रूपमा रहेको र समयमै खोप लगाएमा रेबिजबाट हुने मृत्यु पूर्णरूपमा रोक्न सकिने रणनीति दस्तावेजमा उल्लेख छ । आर्थिक वर्ष २०८१/८२ मा कुकुर तथा रेबिज गराउन सक्ने अन्य जनावरको टोकाइका दुई लाख २३ हजार ५१० घटना रिपोर्ट भएकोमा ९६ प्रतिशत घटना कुकुरको टोकाइबाट हुने र रेबिजका ९९ प्रतिशत कारण कुकुरको टोकाइ रहेको उल्लेख छ ।

रणनीतिअनुसार रेबिज नियन्त्रणका लागि निगरानी तथा प्रयोगशाला परीक्षण सुदृढीकरण, कुकुरमा सामूहिक खोप अभियान, कुकुरको सङ्ख्या व्यवस्थापन, कुकुरको टोकाइ तथा चिथोराइको एकीकृत व्यवस्थापन मानिसमा रेबिजविरुद्धको खोप तथा इम्युनो ग्लोबुलिनको पहुँच विस्तार लगायतका कार्यक्रम सञ्चालन गरिनेछ । साथै क्षमता विकास, जोखिम सञ्चार, सामुदायिक सहभागिता र अनुसन्धानलाई समेत प्राथमिकता दिइएको छ ।

रणनीतिले कुकुरमा ७० प्रतिशत खोप कभरेज पुर्याउने, मानिसमा सहज खोप पहुँच सुनिश्चित गर्ने तथा प्रयोगशाला र रोग निगरानी प्रणाली सुदृढ गर्ने लक्ष्यसमेत अघि सारेको छ ।

रणनीति कार्यान्वयनका लागि सङ्घीय तथा प्रादेशिक संरचनाका साथै जिल्ला र स्थानीय स्तरमा परिकल्पना गरिएका समिति मार्फत सम्बन्धित निकायले वार्षिक कार्यक्रम सञ्चालन गर्ने व्यवस्था गरिएको छ । रेबिजको निगरानी सुदृढ हुने, जोखिममा रहेका कुकुरमा खोपको पहुँच बढ्ने र कुकुरको टोकाइ व्यवस्थापनलाई एकीकृत बनाउने अपेक्षा गरिएको छ । उपचार सेवाको पहुँच र उपलब्धता सुधार गर्ने तथा सरकार, स्थानीय समुदाय, नागरिक समाज, निजी क्षेत्र र अन्तराष्ट्रिय साझेदार बीच समन्वय बढाउने लक्ष्यसमेत रणनीतिले राखेको छ ।

## सुदूरपश्चिमका ८६ प्रतिशतभन्दा बढी बालबालिका वञ्चितीकरणमा

सुदूरपश्चिम । सुदूर पश्चिम प्रदेशका ८६ प्रतिशतभन्दा बालबालिका कम्तीमा एउटा आधारभूत सेवाको पहुँचबाट वञ्चित रहेको पाइएको छ। राष्ट्रिय तथ्याङ्क कार्यालयले बुधबार (हिजो) मात्र धनगढीमा सार्वजनिक गरेको 'नेपालमा बालबालिकाको बहु आयामिक वञ्चितीकरण सम्बन्धी विश्लेष णात्मक प्रतिवेदन-२०२६' मा प्रदेशका बालबालिकाको ठूलो हिस्सा अर्थात् ८६.६ प्रतिशत कुनै न कुनै एउटा क्षेत्रमा वञ्चित रहेको देखाएको हो ।

प्रतिवेदनअनुसार सुदूर पश्चिममा ५६.४ प्रतिशत बाल बालिका दुई वा दुईभन्दा बढी आयाममा वञ्चित छन् । राष्ट्रिय स्तरमा यस्तो वञ्चितीकरणमा रहेका बालबालिकाको अनुपात ५१.६ प्रतिशत छ । यस्तै तीन वा सोभन्दा बढी आयाममा वञ्चित बालबालिकाको २१.४ प्रतिशत रहेका छन् ।

प्रदेशमा बहुआयामिक वञ्चितीकरणको सूचकाङ्क ०.०९५ रहेको छ । वञ्चित बालबालिकाले औसतमा ४६.८ प्रतिशत आयाममा वञ्चितीकरण भोगिरहेको प्रतिवेदनले देखाएको छ । चार वा सोभन्दा बढी आयाममा वञ्चित बाल बालिकाको अनुपात भने ४.९ प्रतिशत रहेको छ, जुन राष्ट्रिय अनुपात ५.१ प्रतिशतभन्दा केही कम हो ।

तथ्याङ्क प्रस्तुत गर्दै केन्द्रीय कार्यालय काठमाडौँका निर्देशक सन्ध्या दाहाल केसीले सुदूरपश्चिमका बालबालिकामा सबैभन्दा ठूलो समस्या सुरक्षित तथा पर्याप्त आवास र सूचना तथा सञ्चारका साधनको पहुँचमा देखिएको उल्लेख गर्नुभयो । उहाँले यहाँका ६८.७ प्रतिशत बालबालिका सुरक्षित र पर्याप्त आवासीय सुविधाबाट तथा ५२ प्रतिशत बालबालिका सूचना तथा सञ्चारका साधनको पहुँचबाट वञ्चित रहेको तथ्याङ्क प्रस्तुत गर्नुभयो ।

यसैगरी पोषणमा ४२.३ प्रतिशत, सरसफाइमा २३.२ प्रतिशत, शिक्षामा ९.७ प्रतिशत, स्वास्थ्यमा ८.६ प्रतिशत र पर्याप्त तथा सुरक्षित खानेपानीको पहुँचमा ३.२ प्रतिशत बालबालिका वञ्चित रहेको तथ्याङ्कले देखाएको छ ।

प्रतिवेदनमा नेपालभर आवास र सूचनाको पहुँच दुवैमा एकैसाथ वञ्चित बालबालिकाको अनुपात २०२४-२५ मा ३५.२ प्रतिशत पुगेको छ, जुन २०१४ को ३४ प्रतिशतभन्दा बढी भएको उल्लेख छ । प्रतिवेदनले डिजिटल प्रविधिको प्रयोग बढ्दै गए पनि सबै बालबालिकाको समान पहुँच सुनिश्चित गर्नुपर्ने आवश्यकता औँल्याएको छ ।

सुदूरपश्चिममा पनि सूचना तथा सञ्चारको पहुँचबाट आधाभन्दा बढी बालबालिका वञ्चित देखिनुले डिजिटल पहुँचको असमानतालाई प्रदेशको बाल विकाससँग जोडेर हेर्नुपर्ने अवस्था देखिएको छ । आवासको समस्या पनि अझ गम्भीर देखिएको छ ।

### पोषणमा अझै ठूलो खाडल

प्रदेशका बालबालिकाको बहुआयामिक वञ्चितीकरणमा पोषण अर्को महत्त्वपूर्ण चुनौतीका रूपमा देखिएको छ। सुदूरपश्चिममा पोषणसम्बन्धी वञ्चितीकरण ४२.३ प्रतिशत रहेको छ । राष्ट्रिय प्रतिवेदनले पनि बालबालिकाको पोषण अवस्थालाई अझै प्रमुख चुनौतीका रूपमा औँल्याएको छ । विशेषगरी ०-२३ महिनाका बालबालिकामध्ये पर्याप्त र विविध प्रकारको आहार नपाउनेको राष्ट्रिय अनुपात ६०.७ प्रतिशत रहेको छ ।

केन्द्रीय कार्यालयका उपप्रमुख तथ्याङ्क अधिकारी डा शरदकुमार शर्माले राष्ट्रियस्तरमा बालबालिकाको अवस्थामा सुधार भए पनि गरिबी, बसोबासको अवस्था, आमाको शिक्षा र प्रदेशगत असमानताका कारण केही समूह अझै पछाडि रहेको बताउनुभयो । त्यस कारण अबका नीति तथा कार्यक्रम राष्ट्रिय औसत सुधारमा मात्र केन्द्रित नभई बढी वञ्चित बालबालिका रहेका समूह र क्षेत्रलाई लक्षित गर्नुपर्ने प्रतिवेदनको निष्कर्ष रहेको उहाँले उल्लेख गर्नुभयो ।

कार्यक्रममा प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष गोकर्णप्रकाश भट्टले तथ्याङ्कले देखाएका विषयलाई तीनै तहका सरकारले मिलेर कार्यान्वयन गर्नुपर्ने बताउनुभयो । उहाँले तथ्याङ्कलाई अध्ययनमा समिति नराखी सबैले बुझ्ने गरी सरलीकरण गर्न आवश्यक रहेको र सरकारका निकायले आफ्ना नीति तथा कार्यक्रममा त्यसलाई समायोजन गर्दै लैजानुपर्नेमा जोड दिनुभयो ।

उपाध्यक्ष भट्टले आयोगले प्रदेशका बालबालिकाको अवस्थालाई थप विश्लेषण गर्दै तथ्याङ्कले देखाएका समस्या समाधानका लागि सरकारका नीति तथा कार्यक्रममा समावेश गर्न सहजीकरण गर्ने प्रतिबद्धता जनाउनुभयो ।

राष्ट्रिय मानवअधिकार आयोग सुदूरपश्चिम कार्यालय प्रमुख सहसचिव प्रकाशदत्त भट्टले तथ्याङ्कलाई अधिकारको दृष्टिकोणबाट विश्लेषण गर्दै त्यसलाई कार्यान्वयन गरिनुपर्नेमा जोड दिनुभयो ।

उहाँले प्रदेश सरकार र मातहतका निकायलाई समस्यामा रहेका वास्तविक बालबालिकाको अवस्था पहिचान गरी तिनको सम्बोधनका लागि आग्रह गर्नुभयो । कार्यक्रममा युनिसेफ नेपालका प्रतिनिधि, संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम, फिल्ड कार्यालय सुदूरपश्चिमका प्रमुख वैजयन्तीसिंह गिरी, तथ्याङ्क कार्यालय कैलालीका प्रमुख गोबिन्दप्रसाद न्यौपाने लगायतले तथ्याङ्कले औँल्याएका समस्या समाधानका लागि सबै मिलेर काम गर्नुपर्नेमा जोड दिनुभयो । कार्यक्रमका सहभागीले बाल बालिकाका लागि शिक्षा, स्वास्थ्य, पोषण, खानेपानी तथा सरसफाइ र बाल संरक्षणका कार्यक्रमलाई एकीकृत रूपमा अघि बढाउनुपर्ने आवश्यकता औँल्याएका थिए । राष्ट्रिय तथ्याङ्क कार्यालयले युनिसेफ नेपालसँगको सहकार्यमा पहिलो पटक यसप्रकारको विश्लेष णात्मक प्रतिवेदन तयार गरिएको जनाइएको छ । प्रतिवेदनमा पहिलो चरणमा नेपाल बहुसूचक सर्वेक्षणका सूक्ष्म तथ्याङ्क, बालबालिकाको जीवन चक्र र उमेरअनुसार (०-२३ महिना, २४-५९ महिना, ५-९ वर्ष र १०-१७ वर्ष) तथा समग्र ०-१७ वर्षका बालबालिकाका लागि सामाजिक तथा आधारभूत आवश्य-कतासँग सम्बन्धित सात वटा आयाम र २० वटा सूचकलगात विभिन्न छ वटा चरणमा विश्लेषण गरिएको जनाइएको छ ।

प्रतिवेदनले अब तथ्यमा आधारित नीति निर्माण र स्रोत विनियोजनका लागि प्रदेश तथा स्थानीय तहसम्म बालबालिकाको अवस्थासम्बन्धी खण्डीकृत तथ्याङ्क नियमित रूपमा उत्पादन र प्रयोग गर्नुपर्ने सुझाव दिएको छ । यस्तै, प्रतिवेदनले अति विपन्न, ग्रामीण तथा पछाडि परेका समूहका बालबालिकालाई लक्षित गरी स्रोत र कार्यक्रम केन्द्रित गर्न सुझाव दिएको छ ।

प्रदेशको आवश्यकता र वञ्चितीकरणको अवस्थाअनुसार बहुक्षेत्रीय कार्यक्रम सञ्चालन, प्रारम्भिक बालपोषण तथा मातृ शिक्षामा लगानी र बाल-संवेदनशील सामाजिक सुरक्षा विस्तार गर्नुपर्ने, स्वास्थ्य, शिक्षा, पोषण, खानेपानी-सरसफाइ र बाल संरक्षणलाई एकीकृत रूपमा सञ्चालन गरी नियमित अनुगमन गर्न तथा बाल वञ्चितीकरणको स्थानीय तह सम्मको अवस्था पहिचान गरी त्यसैका आधारमा वित्तीय हस्तान्तरण र स्रोत विनियोजन गर्नुपर्ने पनि प्रतिवेदनको निष्कर्ष र सुझाव छ ।

## बीस अनुसन्धान परियोजनामाथि छलफल

काठमाडौँ । नीति अनुसन्धान प्रतिष्ठानले चालु आर्थिक वर्षमा सञ्चालन गर्ने विभिन्न २० अनुसन्धान परियोजनाका अवधारणा पत्रमाथि छलफल गरेको छ ।

प्रतिष्ठानले आयोजना गरेको दुईदिने कार्यशालामा अनुसन्धान परियोजनाका अवधारणा पत्र प्रस्तुत गरी सरोकारवालाबाट सुझाव तथा पृष्ठपोषण सङ्कलन गरिएको हो । कार्यशालामा प्रतिष्ठानका अनु सन्धानकर्ताका साथै नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय योजना आयोग तथा सम्बन्धित मन्त्रालय र निकायका प्रतिनिधिको सहभागिता थियो ।

प्रतिष्ठानका अनुसन्धाताले प्रस्तुत गरेका अवधारणापत्रमाथि सम्बन्धित मन्त्रालय तथा निकायका प्रतिनिधि, प्रतिष्ठानका अनुसन्धान विभाग प्रमुख र विषयगत विज्ञ अनुसन्धाताले सुझाव दिएका थिए । प्राप्त सुझावका आधारमा अनुसन्धानका अवधारणापत्रलाई थप परिमार्जन र प्रभावकारी बनाउने विषयमा छलफल भएको थियो ।

कार्यशालाको मुख्य उद्देश्य अनुसन्धानलाई नेपाल सरकारका आवश्यकता, सम्बन्धित क्षेत्रका विद्यमान नीति, अभ्यास तथा प्राथमिकतासँग थप सान्दर्भिक बनाउनुका साथै अनुसन्धानबाट प्राप्त निष्कर्षलाई नीतिनिर्माण प्रक्रियामा उपयोगी बनाउन सरोकारवालाको पृष्ठपोषण लिनु रहेको प्रतिष्ठानले एक कार्यक्रमका बिच जानकारी दिएको छ ।

## मन्त्री चौधरीसँग जिजिजिआइका राष्ट्रिय प्रतिनिधिको भेट

काठमाडौं। कृषि, वन तथा पर्यावरण मन्त्री गिता चौधरीसँग ग्लोबल ग्रीन ग्रोथ ईन्स्टिच्युट (जिजिजिआइ) का नेपाल तथा पाकिस्तानका राष्ट्रिय प्रतिनिधि लौरा जलस्जोकी भेटवार्ता गर्नुभएको छ।

मन्त्रालयमा बुधबार भेटमा उहाँहरुबिच हरित विकास, जलवायु वित्त, हरित हाइड्रोजन तथा जलवायु उत्थानशील कृषिका विषयमा छलफल भएको मन्त्रालयले जनाएको छ।

जिजिजिआइ ५५ देशमा कार्यरत अन्तरराष्ट्रिय तथा अन्तर सरकारी संस्था हो। जिजिजिआइ प्रतिनिधिमण्डलले समावेशी तथा दिगो आर्थिक विकास मार्फत जलवायु उत्थानशील र समृद्ध विश्व निर्माण गर्ने उद्देश्यका साथ काम गरिरहेको छ।

नेपाल सन् २०२२ देखि यसको सदस्य रहेको छ। राष्ट्रिय प्रतिनिधि जलस्जोकीले जिजिजिआइले कृषि, सिँचाइ, कृषि उपज प्रशोधन तथा जलवायु क्षेत्रमा विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको र मधेस प्रदेशमा तत्कालीन कृषि तथा पशुपन्छी विकास मन्त्रालयसँगको सहकार्यमा काम गरेको जानकारी दिनुभएको थियो।

सो अवसरमा मन्त्री चौधरीले हरित हाइड्रोजन र स्वदेशमै रासायनिक मल उत्पादन नेपालको महत्वपूर्ण प्राथमिकता रहेको उल्लेख गर्दै हरित हाइड्रोजनको विकासलाई मल उत्पादनसँग जोडेर अघि बढाउनुपर्ने समेत बताउनु भयो।

सो अवसरमा कुराकानी गर्नुहुँदै उहाँले जलवायु वित्त मन्त्रालयको प्राथमिकताको क्षेत्र रहेको उल्लेख गर्दै हालैको भोटेकोशी बाढीका कारण कृषि भूमि तथा पूर्वाधारमा भएको क्षतिले खाद्य सुरक्षा र कृषकको जीविकोपार्जनमा चुनौती थपिएको बताउनुभयो।

## प्रधान सेनापति सिग्देलद्वारा बेलायतमा भेटवार्ता

काठमाडौं। बेलायतको औपचारिक भ्रमणमा रहनुभएका प्रधान सेनापति अशोकराज सिग्देलले बुधबार बेलायती सेनाका चिफ अफ द जनरल स्टाफ सर रोली वाकरसँग भेटवार्ता गर्नुभएको छ।

सर वाकरको मैत्रीपूर्ण निमन्त्रणामा साताव्यापी औपचारिक भ्रमणका लागि प्रधान सेनापति सिग्देल गत सोमबार बेलायत प्रस्थान गर्नुभएको थियो।

नेपाली सेनाको जनसम्पर्क तथा सूचना निर्देशनालयले दिएको जानकारी अनुसार प्रधान सेनापति सिग्देल र बेलायती सेनाका चिफ अफ द जनरल स्टाफबीच आज भएको भेटमा आपसी हित र नेपाल बेलायत सैनिक सम्बन्धका बारेमा कुराकानी भएको जनाइएको छ। साथै यस भ्रमणका क्रममा उहाँले हिजो पनि विभिन्न उच्च सैनिक अधिकारीहरुसँग भेटवार्ता गर्नुभएको थियो।

त्यस्तै उहाँले गोरखा सैनिक स्मारकमा पुष्प गुच्छा अर्पण गरी श्रद्धाञ्जली अर्पण गर्नुभएको पनि निर्देशनालयले जनाएको छ।

## दुई कलाकारका एकल चित्रकला प्रदर्शनी

काठमाडौं। नेपाली र अर्जेन्टिनाका दुई कलाकारको शुक्रबार फरक⁄ फरक ग्यालरीमा एकल चित्रकला प्रदर्शनी हुने भएको छ।

आर्टुडियो इन्टरनेशनल आर्टिस्ट रेसिडेन्सी(एआइएआर) अन्तर्गत अर्जेन्टिनाकी चित्रकार सोफिया पिचन रिभिएरको एकल चित्रकला पाटन शुक्रबारदेखि सुरु हुँदैछ। लेखक, एनिमेटर र विश्वविद्यालयकी प्राध्यापकसमेत रहनुभएकी उहाँले नेपालमा एक महिना आर्टुडियो इन्टरनेसनल आर्टिस्ट रेजिडेन्सी(एआइएआर) अन्तर्गत काठमाडौंको आर्टुडियोमा कलाकारको रूपमा कार्यशाला गर्नुभएको थियो। यसै दौरान उहाँले सिर्जना गर्नुभएको चित्रहरूलाई शुक्रबार प्रदर्शनी गरिने भएको आयोजकले जनाएको छ।

नेवर्स' शीर्षकमा उहाँका ललितपुरको पाटन क्षेत्रमा प्रदर्शनी गरिएको छ। जसमा कलाकारले एक महिनाभर नेपाली परिवेश, कला, यहाँको संस्कृति र परम्परालाई अवलोकन गरेर अनुभूति गरिएको विषयलाई आधुनिक शैलीमा क्यानभासमा उतार्नुभएको हो।

यसैगरी, ठमेलस्थित दलाई-ला आर्ट स्पेश ग्यालरीमा शुक्रबार नै नेपाली कलाकार अन्जिला मानन्धरको एकल चित्रकला प्रदर्शनी सुरु हुने भएको छ।

'कन्टेम्प्रअरी आर्ट अफ नेपाल' शीर्षकमा उहाँको चित्रकला प्रदर्शनी हुन लागेको हो। अमूर्त शैलीका उहाँका चित्रले रङ्गमार्फत अन्तरमनोभाव प्रदर्शन गर्न खोजिएको छ। लेखक मानन्धरले रङ र क्यानभासले कलाकारको अन्तरमन पोख्ने गतिलो माध्यम बन्ने गरेको बताउनुभयो।

## कांग्रेसको १५औँ महाधिवेशनः उपसभापति शर्मा र महामन्त्री घिमिरेको प्रतिवेदन पारित

काठमाडौं। नेपाली कांग्रेसको १५औँ महाधिवेशन अन्तर्गत बन्द सत्रमा उपसभापति विश्वप्रकाश शर्मा र महामन्त्री गुरुराज घिमिरेले प्रस्तुत गर्नुभएको प्रतिवेदन पारित भएको छ।

उपसभाति शर्माले प्रस्तुत गर्नुभएको प्रस्तावमा लोकतान्त्रिक संस्कृतिमा भइरहेको क्षयलगायत समसामयिक राजनीतिक विषयलाई समेटिएको छ। बन्दसत्रले उक्त प्रस्ताव पारित गरेको हो।

प्रस्ताव पारित भएपछि उपसभाति शर्माले कांग्रेसको बन्दसत्रलाई खुला संसारले सुन्ने गरी प्रस्तुत गरिएको भन्दै यसलाई पनि ऐतिहासिक विषयका रूपमा व्याख्या गर्नुभयो। "बन्दसत्र पनि खुला संसारले सुन्ने गरी हामीले पेश गरेका छौं, यो पनि ऐतिहासिक हो," उहाँले भन्नुभयो।

उपसभाति शर्माले कांग्रेसले हार र जित दुवै अवस्थामा जनताको कुरा सुन्ने संस्कार विकास गर्नुपर्ने बताउनुभयो। "कांग्रेस सुन्न चाहन्छ, हार्दा र जित्दा पनि हाँस्छ, यस्तो कांग्रेस बनाउन खोजेको हो," उहाँले भन्नुभयो।

सो क्रममा उपसभापति शर्माले कांग्रेसलाई गुनासो गर्नेभन्दा आशा, विश्वास र भरोसा गर्न सकिने पार्टीका रूपमा विकास गर्नुपर्ने बताउनुभयो। "उत्तर भएको कांग्रेस, गुनासो होइन, आशा र विश्वास र भरोसा गर्ने कांग्रेस हो, अब निराशा होइन, यस्तो कांग्रेस बनाउने हो," उहाँले शर्माले भन्नुभयो। महाधिवेशनबाट कसले कुन पद जित्छ भन्ने विषयमा मात्रै केन्द्रित नहुन प्रतिनिधिलाई आग्रह गर्दै उपसभाति शर्माले कांग्रेसको मूल उद्देश्य पार्टीलाई लोकतान्त्रिक मूल्य र संस्कृतिअनुसार अघि बढाउनु रहेको बताउनुभयो।

कांग्रेसभित्र लोकतान्त्रिक संस्कृतिलाई थप बलियो बनाउँदै पार्टीलाई जनताले सुन्ने, विश्वास गर्ने र भरोसा गर्ने राजनीतिक शक्तिका रूपमा अघि बढाउनुपर्नेमा उपसभाति शर्माले जोड दिनुभयो।

यसैगरी सोही बन्द सत्रमा महामन्त्री घिमिरेले प्रस्तुत गर्नुभएको प्रतिवेदन पनि पारित भएको छ। महाधिवेशनको आज चौथो दिन खुलामञ्चमा आयोजित बन्दसत्रले उक्त प्रतिवेदन पारित गरेको हो।

महामन्त्री घिमिरेले प्रस्तुत गर्नुभएको प्रतिवेदनमा कांग्रेसलाई बलियो र लोकप्रिय पार्टीका रूपमा अघि बढाउने विषयलाई प्राथमिकता दिइएको छ।

बन्द सत्रले प्रतिवेदन पारित गर्दै त्यसमा प्रस्तावित नीति तथा कार्यक्रमलाई अघि बढाउने बाटो खुला गरेको छ। प्रतिवेदन पारित भएपछि कांग्रेसलाई थप बलियो, व्यवस्थित र लोकप्रिय पार्टीका रूपमा अघि बढाउने प्रस्ताव कार्यान्वयनतर्फ जाने भएको छ।

## मन्त्रिपरिषद् बैठकको निर्णय

काठमाडौं। सरकारले पीडितलाई क्षतिपूर्ति उपलब्ध गराउनेदेखि विभिन्न कानुन संशोधनका लागि अध्यादेश सिफारिस तथा उच्च तहका कर्मचारीको बढुवासम्मका महत्वपूर्ण निर्णय गरेको छ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारमा बुधबार बसेको मन्त्रिपरिषद्को बैठकले राष्ट्रिय मानवअधिकार आयोगबाट क्षतिपूर्तिका लागि सिफारिस भएका १५३ पीडितलाई क्षतिपूर्ति उपलब्ध गराउन स्वीकृति प्रदान गरेको सरकारका प्रवक्ता एवं शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले जानकारी दिनुभयो। त्यस्तै, बैठकले पोर्चुगल सरकारलाई काठमाडौंमा महावाणिज्यदूतावास स्थापना गर्न सहमति दिने निर्णय पनि गरेको छ। मन्त्रिपरिषद्ले भूमिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, वनसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश तथा विपद्सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेशलगायतका अध्यादेश जारी गर्न राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष सिफारिस गर्ने निर्णय गरेको छ।

बैठकले नेपाल इन्जिनियरिङ सेवा समूहीकरणतर्फका सहसचिव (प्रा) नवीनराज सिंहलाई राजपत्राङ्कित विशिष्ट श्रेणीको सचिव पदमा बढुवा गर्ने निर्णय गरेको छ। यसैगरी, नेपाल प्रशासन सेवा समूहीकरण तर्फका सहसचिव चक्रबहादुर बुढालाई राजपत्राङ्कित विशिष्ट श्रेणीको सचिव पदमा बढुवा गरिएको प्रवक्ता पोखरेलले सो अवसरमा जानकारी दिनुभयो। यस्तै नेपाल लेखापरीक्षण सेवा समूहीकरणतर्फ नायब महालेखा परीक्षक चन्द्रकान्त भण्डारीलाई राजपत्राङ्कित विशिष्ट श्रेणीको उपमहालेखापरीक्षक पदमा बढुवा गर्ने मन्त्रिपरिषद्ले निर्णय गरेको छ।

ज्वालामूखी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
साँधभन्ज्याङ, धादिङ
बागमती प्रदेश, नेपाल

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(प्रकाशित मिति : २०८३-०६-२२)

यस कार्यालयको मिति २०८३-०५-१७ गतेको नागरिक दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार निम्न कार्य गर्नका लागि ठेक्का आह्वान गरिएकोमा रितपूर्वक दर्ता हुन आएका बोलपत्रहरुमध्ये औसत मुल्यांकित बोलपत्र मूल्यसँग सबैभन्दा नजिकका सारभूत रुपमा प्रभावग्राही बोलपत्रहरु स्वीकृतिका लागि मुल्यांकन समितिबाट सिफारिस भई आएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ र दफा ४७ का प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

| क्र.सं. | ठेक्का नं. | कामको विवरण | छनौट भएका बोलपत्रदाता | कबोल अंक (मु.अ.कर र PS बाहेक) |
|---|---|---|---|---|
| १. | JWALA/DHD/05/2083/084 | Hulakbhanjyang Salbas Deurali Bangeraha Sadak | Resham Shivashakti Construction and Suppliers Pvt.Ltd., Tripurasundari RM-02, Dhading | Nrs 1,20,32,853.57/- |
| २. | JWALA/DHD/06/2083/084 | Sadhbhanjyang Khari Bungkotghat Sadak | Basaha Mandali Consultant and Builders, Nilkantha-03, Dhading | Nrs 1,26,55,901.70/- |
| ३. | JWALA/DHD/07/2083/084 | Deurali Lakuri Dada Sadhbhanjyang Sadak | Siddhartha – Jambhala – Lachyan JV, Kathmandu | Nrs 1,18,94,546.00/- |

प्रमुख प्रशासकीय अधिकृत

## कांग्रेसमा गुट सकियो, अब कुनै समूह छैन : सभापति थापा

काठमाडौँ। नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले पार्टीभित्रको गुट र समूह समाप्त भएको बताउनुभएको छ।

नेपाली कांग्रेसको १५औं महाधिवेशन अन्तर्गत बन्द सत्र समापन कार्यक्रममा सभापति थापाले पार्टीभित्र सबै किसिमको गुट सकिएको बताउनुभएको हो। "बुधबारदेखि सबै गुट सकियो, अब कुनै समूह छैन," उहाँले भन्नुभयो। सभापति थापाले महाधिवेशनपछि कांग्रेसलाई गुटगत आधारमा नभई एउटै पार्टीका रूपमा अघि बढाउने बताउनुभयो। पार्टीभित्र लामो समयदेखि रहेका समूह र विभाजन भन्दा कांग्रेसलाई एकताबद्ध बनाएर अघि बढाउनुपर्ने उहाँको भनाइ थियो।

यसअघि पनि आफूले पार्टीको आन्तरिक व्यवस्थापनमा सीमित हुनेभन्दा कांग्रेसलाई समाज र जनताबीचको बहसमा केन्द्रित गरेको सभापति थापाले बताउनुभयो। उहाँले आफ्नो समयको ठूलो हिस्सा पार्टीभन्दा बाहिर कांग्रेसका नीति, विचार र मुलुकका विषयमा बहस गर्न खर्चिने बताउनुभयो। सभापति थापाले महाधिवेशन सकिए लगत्तै स्थानीय तहको निर्वाचनसम्म दिनरात खटिने बताउनुभयो।

## हेटौंडा अस्पतालको सेवा विस्तार गरिने

हेटौंडा। बागमती प्रदेशका मुख्यमन्त्री किरण थापा मगरले बढ्दो बिरामीको चापलाई ध्यानमा राख्दै हेटौंडा अस्पतालको सेवा र उपचार क्षमता विस्तार गरिने बताउनुभएको छ। मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानद्वारा आयोजित कार्यक्रममा उहाँले अस्पतालमा क्याथल्याब, एमआरआई सेवा तथा शय्या विस्तारलाई प्राथमिकतामा राखिएको बताउनुभयो। मुख्यमन्त्री थापा मगरले अस्पतालमा दैनिक बिरामीको चाप बढ्दै गएको उल्लेख गर्दै मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानको प्रशासनिक कार्यालय अन्य सरकारी भवनमा स्थानान्तरण गरी उक्त स्थानलाई उपचार तथा शैया विस्तारमा प्रयोग गर्ने योजना रहेको दिनुभयो। उहाँका अनुसार यसै वर्षदेखि मुटुरोग उपचारका लागि क्याथल्याब सञ्चालन गर्ने तयारी गरिएको छ।

प्रत्युष नेटवर्क प्रा.लि द्वारा प्रकाशित तथा मुद्रित
कार्यालयःनीलकण्ठ न.पा-३, सुगमटोल, धादिङबेसी, कार्यालय फोन ०१०-५२१४३०, ०१०-५९०४३०
सम्पादक : रमेश अधिकारी, Email : pratyushdainik@gmail.com,Website:epratyush.com